सिद्धार्थनगर नगरपालिका

## चालु आ.व. ०७६।०७७ मा सञ्चालित योजनाहरु र कोरोना भाईरस सम्बन्धी भएका गतिविधिहरुको विवरण सार्वजनिकका लागि पत्रकार सम्मेलन

**मिति २०७७०२।३०**

### १) योजना सञ्चालन सम्बन्धी विवरण :

यस सिद्धार्थनगर नगरपालिकावाट आ.व. ०७६।०७७ का लागि विनियोजित रकमवाट वडा नं. १ देखि वडा नं. १३ सम्म सञ्चालित मुख्य मुख्य योजनाहरुका बारेमा तपसिल बमोजिम रकम बाँडफाँड तथा सञ्चालनमा रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

हाम्रो नगर भौगोलिक रुपमा सानो भएतापनि चेतनाका अभावका कारण सबै खाले सेवा सुविधाहरु नगरपालिकावाटै सञ्चालन हुनु पर्ने भन्ने आम बुझाईले गर्दा धेरै पुरानो नगरपालिका भएपनि विकास निर्माण जस्तो कार्यमा जुन रुपमा विकास हुनु पर्ने थियो त्यो अझैसम्म पनि जनचाहना अनुरुप सम्भव हुन नसकेको व्यहोरा अवगत नै छ ।

नगरपालिकामा खास गरी विकास गर्नु पर्ने क्षेत्रहरुमा सडक तथा ढल निकासलाई मुख्य केन्द्र विन्दु बनाई एशियाली विकास बैंकको लगानीमा न.पा. क्षेत्रका धेरै सडक तथा नाला निर्माण गर्ने कार्य सम्पन्न भएका छन भने न.पा.बाट सञ्चालित साना तथा मझौला खालका योजनाहरु सञ्चालनमा रहेका छन् । खास गरी हाल सिद्धार्थनगर नगरपालिकाको आ.व. ०७६।०७७ का लागि १३ वटा वडालाई दुई भागमा विभाजन गरी सोही अनुरुप बजेट व्यवस्थापन गरिएको छ, जसमा साना वडाहरु वडा नं. २, ४, ५, ७, १०, ११, १२, १३ का लागि रु.५२,००,०००।- र फुटकर खर्च तर्फ रु.५,००,०००।- गरी जम्मा रकम रु.५७,०००००। र ठुला वडाहरु वडा नं. १, ३, ६, ८, ९ प्रति वडाका लागि रु.६८,००,०००।- र फुटकर खर्च रु.७,००,०००।- गरी जम्मा रकम रु.७५,०००००।- रकम विनियोजन गरिएको छ । माथि विनियोजित रकमवाट यस आ.व.मा वडा नं. १ देखी १३ मा तपसिल बमोजिमका योजनाहरु सञ्चालनमा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**वडा नं. १**

(क) सितापथदेखि उत्तर मुस्लीम समसान घाटसम्म नाला निर्माण कार्य

(ख) सितापथदेखि दक्षिण तर्फ सडक पि.सि.सि. र आर.सि.सि. गर्ने कार्य

(ग) बोटिङ्ग स्टेशन निर्माण गर्ने कार्य

(घ) सितापथमा नाला तथा सडक पिच गर्ने कार्य

(ङ) ल्याण्डफिल साईट व्यवस्थापन गर्ने कार्य ।

**वडा नं. २**

(क) पूर्वाहिको घरदेखि विष्णु गुरुङ्गको घरसम्म आर.सि.सि. ढलान गर्ने कार्य

(ख) बालबहिरा स्कुल पश्चिम सडक पिच गर्ने कार्य

(ग) मेउडीहवा आधारभूत स्कूलको भवन निर्माण गर्ने कार्य

**वडा नं. ३**

(क) काँटागाउँमा सडक तथा नाला निर्माण गर्ने कार्य

(ख) वडा समितिको भवनको तला थप गर्ने कार्य

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल

(ग) दरखसवामा अधुरो पार्क निर्माण गर्ने कार्य

(घ) दरखसवामा शौचालय निर्माण गर्ने कार्य

(ङ) सिद्धार्थ यातायात पश्चिम सडक तथा नाला निर्माण गर्ने कार्य

(च) महामाया पथमा नाला निर्माण गर्ने कार्य

(छ) अमरज्योति स्कूल तर्फ सडक मर्मत गर्ने कार्य

(ज) महामाया पथ पश्चिम सडक आर.सि.सि. गर्ने कार्य

**वडा नं. ४**

(क) उद्योगपुरी कन्या राईसमिलदेखि विमानघाट सम्म पक्की नाला निर्माण गर्ने कार्य

(ख) भवानी पथ पश्चिम तर्फ नाला निर्माण गर्ने कार्य

(ग) वडा समितिको भवन निर्माण गर्ने कार्य

(घ) यादवटोलमा आर.सि.सि. सडक निर्माण गर्ने कार्य

(ङ) बुद्ध गुम्वाको भवन निर्माण गर्ने कार्य

(च) खण्डाटोलमा सडक मर्मत गर्ने कार्य

**वडा नं. ५**

(क) वडा समितिको भवन निर्माण गर्ने कार्य

(ख) भैरहवा उच्च मा.वि.मा गेट निर्माण गर्ने कार्य

(ग) सिद्धार्थ ज्ञान मन्दिरको भवन निर्माण गर्ने कार्य

**वडा नं. ६**

(क) मैथिली पथको दुवै तर्फ नाला तथा सडक ग्रेभल कार्य

(ख) जवाहरिको गल्लीमा नाला तथा आर.सि.सि. ढलान गर्ने कार्य

(ग) सोमईमाई मन्दिर छेउमा सडक आर.सि.सि. तथा नाला निर्माण गर्ने कार्य

(घ) पैरवी पथमा आर.सि.सि. ढलान

(ङ) चित्रगुप्त पथमा नाला तथा सडक ग्रेभल

(च) बैंक कलोनीमा सडक मर्मत गर्ने कार्य

**वडा नं. ७**

(क) भृकुटीपथमा नाला तथा सडक ग्रेभल गर्ने कार्य

(ख) मेलमिलाप पथ, भैरहवापथ, विजयपथमा पक्की नाला ढक्कन र आर.सि.सि. गर्ने कार्य

(ग) अधुरो वडा समितिको भवन निर्माण गर्ने कार्य

(घ) चन्द्र पथमा नाला तथा सडक ग्रेभल गर्ने कार्य

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल

**वडा नं. ८**

(क) अशोकपथदेखि बसडिलिया गाउँ पश्चिम असगरअलिको मिल तर्फ जाने बाटोमा आर.सि.सि. सडक निर्माण

(ख) वि.पी.पथमा नाला तथा सडक निर्माण गर्ने कार्य

(ग) लक्ष्मी नारायणपथमा नाला निर्माण गर्ने कार्य

(घ) देवपथमा नाला निर्माण गर्ने कार्य

(ङ) लुम्बिनी सडक र सालिग्राम पथ जोड्ने गल्लीमा आर.सि.सि. सडक निर्माण गर्ने कार्य

(च) सि.न.पा.८ र मायादेवी गा.पा. सिमानामा स्ल्याव ढलान गर्ने कार्य

**वडा नं. ९**

(क) डाँडागाउँ, भानु पथ, रुपन्देही क्याम्पस तर्फ जाने बाटोमा नाला पिच तथा सडक ग्रेभल

(ख) भानु मा.वि.को भवन निर्माण गर्ने कार्य

(ग) मन्जरी पथ उत्तर आर.सि.सि. सडक निर्माण गर्ने कार्य

**वडा नं. १०**

(क) शंकरपुर डिह देखि दक्षिण वडा नं. १० को सिमानासम्म बाटो पिच गर्ने कार्य

(ख) दोगहरी वडा समितिको कार्यालय भवनदेखि पूर्व पोखरीसम्म बाटो पिच गर्ने कार्य

(ग) अधुरो वडा समितिको भवन निर्माण गर्ने कार्य

**वडा नं. ११**

(क) बाबुलाल यादवको घर दक्षिण घनश्याम भरको घरसम्म आर.सि.सि. सडक निर्माण कार्य

(ख) भुजौलीमा कालोपत्रे सडक निर्माण गर्ने कार्य

(ग) स्वास्थ्य चौकी निर्माण गर्ने कार्य

**वडा नं. १२**

(क) को.ले.नि.का. साईडमा सडक आर.सि.सि. गर्ने कार्य

(ख) ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय भवनको तला थप गर्ने कार्य

(ग) ओमसाईपथमा नाला तथा सडक निर्माण गर्ने कार्य

(घ) जनकपथ पश्चिम नाला तथा सडक निर्माण गर्ने कार्य

(ङ) जनतापथ पश्चिम सडक आर.सि.सि. गर्ने कार्य

(च) जनतापथ पूर्व रोज चाइल्ड केयर तर्फ नाला तथा सडक निर्माण गर्ने कार्य

**वडा नं. १३**

(क) भीम अस्पतालमा अधुरो शौचालय निर्माण गर्ने कार्य

(ख) रविन्द्र अमात्य समेतका स्थानमा सडक आर.सि.सि. गर्ने कार्य

(ग) सूर्यपथमा सडक आर.सि.सि. गर्ने कार्य

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल

(घ) सुसंस्कृत मा.वि.को तला थप गर्ने कार्य

(ङ) सेवापथमा नाला तथा सडक आर.सि.सि. गर्ने कार्य

अन्य तर्फ आयोजनाहरु

(क) सि.न.पा.का विभिन्न वडाहरुमा सहरी सडक मर्मत सुधार कार्य (सडक पेचिङ्ग)

(ख) वडा नं. १, ३, ९, १० र ११ मा सिंचाईको लागि बोरिङ्ग जडान गर्ने कार्य (तराई मधेश समृद्धि कार्यक्रम)

(ग) वडा नं. ३, ८, ९ का विभिन्न स्थानहरुमा आर.सि.सि., पि.सि.सि. तथा नाला निर्माण गर्ने कार्य

(घ) विभिन्न ससाना फुटकर, मर्मत सम्भार सम्वन्धी योजनाहरु

(ङ) बुद्ध मूर्ति जडान भईरहेको ।

(च) कृषि हाटवजार ब्लक ए काम भई रहेको, कृषि हाटवजार ब्लक बि को टेण्डर आह्वान भईसकेको ।

माथि उल्लेखित योजनाहरु सञ्चालन गर्न हालसम्म वडा नं. १ देखि १३ सम्म जम्मा रकम रु.२३,०३,६२,०७३।४९ को लागत अनुमान रहेको छ । यो रकम मध्ये स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम, न.पा.को आन्तरिक कोप, जि.स.स., प्रदेश सरकार (समपुरक कोप), सडक बोर्ड, शिक्षा, स्वास्थ्य समेतको रकमलाई समावेश गरिएको छ ।

हालसम्म सञ्चालित योजनाहरु ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएका र बाँकी योजनाहरु सञ्चालनमा रहेको व्यहोरा अनुरोध छ । सिद्धार्थनगर नगरपालिकाबाट आ.व. ०७६।०७७ को लक्ष्य देहाय बमोजिम रहेको छ ।

- पक्की नाला ५ कि.मी.
- ग्राभेल ४ कि.मी.
- आर.सि.सि. ३.५ कि.मी.
- सडक पिच २ कि.मी.
- विद्यालय/वडा भवन/स्वास्थ्य भवन/शौचालय भवन संख्या १२
- कलभर्ट १, सिंचाई बोरिंग २६ थान, पार्क १, हाटबजार १ रहेको

यसै गरी क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत यस आ.व.मा २५ कि.मी. सडक पिच, ६२ कि.मी. नाला निर्माण, १० कि.मी. फुटपाथ, २००० ओटा बोट विरुवाहरु वृक्षारोपण गरिएको छ ।

**२) कोरोना भाईरस सम्बन्धी**

कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा हालसम्म रु. १ करोड ३४ लाख १९ हजार ९६६ रुपैया आम्दानी भएकोमा सो मध्ये सि.न.पा.को वजेटवाट रु. ७१ लाख ५१ हजार, प्रदेश सरकारबाट रु. २० लाख र बाँकी रकम विभिन्न संघ संस्था, व्यक्ति, जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरुबाट प्राप्त भएको । प्राप्त रकमबाट पहिलो चरणमा १७४२ जना र दोस्रो चरणमा ४९३३ जनालाई राहत वितरण गरिएको । यस सिद्धार्थनगर नगरपालिकावाट सञ्चालन गरिएका विभिन्न क्वारेन्टाईनहरुमा हालसम्म १,३०० जनालाई राखि व्यवस्थापन गरिएको छ । यसैगरी कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोपबाट देहाय बमोजिमको रकम खर्च भएको छ ।

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | राहतका लागि चामल खरीद | ५६,०१,२८०।०० |
| २. | राहतका लागि दाल खरीद | १९,६५,९३६।०० |
| ३. | राहतका लागि तेल खरीद | २,८०,०००।४४ |
| ४. | राहतका लागि नून, साबुन खरीद | ३,४६,३०२।५० |
| ५. | क्वारेन्टाईनमा खाना खर्च | १७,७४,७९८।०० |
| ६. | कृषि एम्बुलेन्स सञ्चालन, भाडा नभएका विभिन्न व्यक्तिहरुलाई सम्वन्धित ठाउँमा जान भाडा उपलब्ध गराईएको लगायत सवारी साधन खर्च | २,००,४००।०० |
| ७. | मास्क, स्यानेटाईजर लगायतका अन्य स्वास्थ्य सामग्री खरीद, कर्मचारी कोरोना बीमा, क्वारेन्टाईनमा विभिन्न सरसफाई सामग्री, पानी, पंखा, कोरोना चेतनामूलक संदेश, विछयौना, विस्कुट, फुरनदाना, दालमोट, चिउरा, लगायत क्वारेन्टाईनमा आवश्यक आधारभूत सामग्री (साबुन, मन्जन, ब्रस, सर्फ) खरीद । | १४,००,०५१।९३ |
| | कूल जम्मा : | १,१५,६८,७६८।८७ |

धन्यवाद !

हरिप्रसाद अधिकारी
नगर प्रमुख
सिद्धार्थनगर नगरपालिका

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner